नगर कार्यपालिकाको
बैठक संख्या: ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ........
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५१, २०७९-२०८४)

मितिः २०८१ पुष २५ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिकाको नगरसभाको मिति २०८१/०९/२६ गते बस्ने सोह्रौं अधिवेशनमा पेश हुने एजेण्डामाथी छलफल गरि सभामा पेश हुने कार्यसूचिलाई अन्तिम रुप दिइयो ।

३. नेपाल विद्युत प्राधिकारण कोहलपुर वितरण केन्द्रको च.नं. ४५६ मिति २०८१/०९/१४ गतेको पत्रबाट यस नगरपालिका भित्र सडक तथा बाटो बिस्तार तथा नाली निर्माणको क्रममा विद्युतीय संरचना स्थानान्तरण गर्नुपर्ने भएमा आवश्यक पर्ने बजेट सम्बन्धीत पालिकाबाटै व्यवस्थापन गरिदिनु हुन भनी पत्र प्राप्त भएकाले सो कार्यका लागि यस नगरपालिका भित्र योजनाहरु कार्यान्वयन गर्दा विद्युत प्राधिकरणसँगको समन्वयमा गर्ने ।

४. श्री मालपोत कार्यालय, कोहलपुर, बाँकेमा रहेका मोठ तथा श्रेस्ताहरु बाईन्डिङ् गरी सुरक्षित राख्नको रकम उपलब्ध गराई सहयोग गरीदिनु हुन भनी कार्यालयको च.नं. ३१४९ मिति २०८१/०९/१९ गतेको पत्र प्राप्त भएकोमा मालपोत कार्यालय, कोहलपुर, बाँकेलाई जिर्ण तथा नयाँ श्रेस्ताहरु बाइन्डिङ कार्यका लागि विभिन्न (सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.२,५०,०००।- उपलब्ध गराउने ।

५. लुम्बिनि प्रदेश सरकारको निर्णय अनुसार कोहलपुरमा स्थापना हुन लागेको यातायातको शाखा कार्यालयको लागी कार्यालय व्यवस्थापन गर्न यातायात कार्यालय, कोहलपुर, बाँकेलाई विभिन्न (सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट ३(तिन) थान Desktop Computer खरिद गरि हस्तान्तरण गर्ने ।

६. यस नगरपालिका भित्रका बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत र जोखिममा रहेका बालिकाको शिक्षा, सुरक्षा र संरक्षणका अधिकारहरुलाई संरक्षण तथा प्रबर्द्धन गरी लैङ्गिक हिंसा न्यूनिकरण गर्न र बालिकाले सामना गरिरहेका शैक्षिक अवरोधहरुको संबोधन गर्न, सिकाईलाई दिगो रुपमा जिवनपर्यन्त निरन्तरता दिने उद्देश्यले तयार गरिएको बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधी, २०८१ मा छलफल भयो । बैठकका सदस्यबाट प्राप्त राय सुझाव समेटी उक्त कार्यविधी स्वीकृत गर्ने ।

७. यस नगरपालिकामा 'घ' वर्ग निर्माण व्यवसाय ईजाजत पत्र पाउँ भनी निवेदन पेश गरी प्रक्रिया पुरा गरेका देहायका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत प्रदान गर्ने ।

क) श्री डल्फिन बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि., कोहलपुर न.पा. ७, बाँके
ख) दिव्या दृष्टि निर्माण सेवा, कोहलपुर ५, बाँके

८. यस नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 'करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८' बमोजिम कार्यसम्पादन मूल्याङ्कन फारामहरुको मूल्याङ्कन गरी सो मापदण्ड बमोजिम ८० वा सो भन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीहरुको २०८२ असार मसान्तसम्म म्याद थप गर्ने। उल्लेखित अङ्क हासिल नगर्ने कर्मचारीको म्याद थप नगर्ने । नगरपालिका अन्तर्गत विभिन्न कार्यका लागि अस्थायी र ज्यालादारीमा राखिएका कर्मचारीहरुलाई आवश्यकताका आधारमा २०८२ असार मसान्तसम्म कामकाजमा लगाउने ।

९. कोहलपुर नगरपालिका १२ नं. वडाको वडा कार्यालय र आधारभूत स्वास्थ्य सेवा केन्द्रमा खानेपानीको इलेक्ट्रिक फिल्टर जडान कार्य गरे वापत १२ नं. वडा कार्यालयको च.नं. १२६५ मिति २०८१/०९/१८ गतेको सिफारिस पत्र समेतका आधारमा उक्त फिल्टर जडान गरे वापत मसलन्द सामाग्री खरिद शीर्षकबाट रु.४६,०००।– भूक्तानी गर्ने ।

१०. अपाङ्ग नवजीवन केन्द्र, बाँकेले राष्ट्रिय अपाङ्ग नेपाल संघीय कार्यालयको मिति २०८१ पुष १२ र १३ गते काठमाण्डौंमा सम्पन्न भएको अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सम्बन्धि कार्यशालामा प्रतिनिधिका रुपमा सहभागिताको लागि आर्थिक सहयोग माग भएकोमा यातायात खर्च बापत सङ्घ/संस्था समन्वय शिर्षकबाट रु. ४०,०००/- उपलब्ध गराउने ।

११. यस नगरपालिका अन्तर्गतका देहायका समितिहरुको विभिन्न मितिको निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क) आर्थिक विकास समितिको मिति २०८१/०९/०९ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने । साथै बैठकको निर्णयबाट सिफारिस भई आएको बजेट संशोधन आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।
ख) विपद व्यवस्थापन समितिको मिति २०८१/०९/१८ गतेको निर्णयहरु ।
ग) बसपार्क व्यवस्थापन समितिको २०८१/०९/२२ गतेको निर्णयहरु ।
घ) राजस्व परामर्श समितिको मिति २०८१/०९/२४ गतेको निर्णयहरु ।

१२. कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सब-ईन्जिनियर पदमा कार्यरत श्याम कुमारी बिष्ट (क.सं.नं. २४१९३१) ले अध्ययन अनुमति पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेकोमा कार्यालयको कामकाजमा बाधा नहुने गरी निजलाई अध्ययन अनुमति दिने निर्णय गरियो ।

नगर कार्यपालिकाको
बैठक संख्या: ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ..........
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

१३. चालु आ.ब. २०८१/०८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. २४६ सि.नं. ७६ मा २ नं. वडा कार्यलयको आ.व. २०८०/८१ मा भुक्तानी हुन नसकि चालु तर्फ सारिएको दायित्वमा चौथों किस्तामा अपुग रकम रु. १,००,०००/- (अक्षरुपि एक लाख) चालु तर्फ भैपरि शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१४. चालु आ.ब. २०८१/०८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १५६ सि.नं. १११ बाट श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय कोहलपुर न.पा. ७, बाँके, लाई मञ्च र बालबाटिका निर्माणका लागी रु. ५ लाख विनियोजन गर्ने ।

१५. चालु आ.ब. २०८१/०८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १५६ सि.नं. १११ बाट श्री राधाकृष्ण प्राथमिक बिद्यालय, कोहलपुर नगरपालिका वडा नं. १५, बाँके, लाई बालमैत्री कक्षा कोठा व्यवस्थापन गर्न रु. १,००,०००/- (अक्षरुपि एक लाख) विनियोजन गर्ने ।

१६. चालु आ.ब. २०८१/०८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. २०२ सि.नं. ५१३ मा व्यवस्था भए बमोजिम श्री शिव मन्दिर संरक्षण समिति कोहलपुर १५, बाँकेलाई नगर स्तरीय माघी मिलन कार्यक्रम सञ्चालनका गर्न रु. २,००,०००/- (अक्षरुपि दुई लाख) उपलब्ध गराउने ।

१७. तरकारी तथा फलफूल थोक बजार स्तर उन्नति/क्षमता विस्तार कोहलपुर ११, बाँकेमा निर्माण गर्न रू. ५० लाख बराबरको लागत अनुमान तयार गरि ठेक्का व्यवस्थापन गर्ने र अपुग हुने रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

१८. दलित समुदायको संबैधानिक अधिकार र कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम कोहलपुर वडा नं. २ मा सञ्चालन गर्नका लागी रु. २५,०००/- (अक्षरुपि पच्चिस हजार) मिल्दो शिर्षकबाट भुक्तानि दिने ।

१९. लुम्बिनि फुटबल एकेडेमी, घोराही १५, दाङ को च. नं. ७१, मिति २०८१/१०/०३ गतेको पत्रानुसार कम्युनिटि कोचिङ कोर्सका लागी कोहपुर ८ का छविलाल बस्नेत र कोहलपुर १४ का शंकर आलेलाई पठाउने साथै उक्त आवासिय तालिमका लागि प्रति व्यक्ति २०/२० हजार कोहलपुर नगरपालिकाले व्यहोर्ने ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ......
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

२०. आर्थिक वर्ष २०८१/०८२ को व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम शिर्षकमा सशर्त अनुदानको जम्मा रु. १५,००,०००/- (अक्षरुपि पन्ध्र लाख) आर्थिक विकास समितिको २०८१/०९/२४ गतेको निर्णय बमोजिम तपशिलको शिर्षकहरुमा प्रोत्साहन स्वरुप वितरण गर्ने ।

क) ओम शिवशक्ति मौरीपालन उद्योग, कोहलपुर ११, बाँके

ख) सिद्धार्थ एण्ड श्रद्धा मौरी फर्म, कोहलपुर ५, बाँके

ग) सञ्जिवनी मौरी फर्म, कोहलपुर ६, बाँके

घ) अमृत मौरी फर्म, कोहलपुर ६, बाँके

२१. यस नगरपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) लागु गर्नको लागी आवश्यक नीतिगत व्यवस्था गर्न तपशिल बमोजिमका कार्यविधि र निर्देशिका स्विकृत गरी सोही अनुसार कार्यान्वयन गर्ने।

क) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१

ख) गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८१

ग) उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

घ) अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८१

ङ) स्थानीय पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१

च) स्थानीय पूर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१

२२. यस कार्यालयमा लामो समयदेखि दैनिक ज्यालादारीमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुलाई करार सेवामा नियुक्ति गर्ने सम्बन्धि प्रस्ताव नगरसभामा पेश गर्ने ।

<u>तपशिल:</u>

क) हरि प्रसाद काफ्ले – सव. ईन्जिनियर

ख) युवराज खत्री – कार्यालय सहयोगी

ग) प्रमिता कुमारी थारु – कार्यालय सहयोगी

घ) राजकुमारी हमाल – कार्यालय सहयोगी

२३. आ.ब. २०८१/०८२ को वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ..........
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

## वडा नं. ७ (वडा समितिबाट मिति २०८१/०९/०४ मा निर्णय भएको)

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी (सि.नं. २०८ र २०९) | ने.रा.आ.बि. लखनावरमा खेलकुद सामाग्री खरिद | २,१०,००० | |
| २ | विपद व्यवस्थापन (सि.नं.२२३) | ने.रा.बाल.प्रा.बि. रजगढवालाई सरस्वती मूर्ति खरिद | ३०,००० | |
| ३ | प्रसादीपुर मन्दिर रंगरोगन (सि.नं.२१५) | प्रसादीपुर मन्दिर तार घेरवार | १,००,००० | |
| ४ | विपद व्यवस्थापन(सि.नं.२२३) बाट रु.१,१०,०००।-<br>लखना गाउँमा प्रतिक्षालय (सि.नं.२१९,२२०,२२१) निर्माणबाट रु.२,००,०००<br>विभिन्न टोलमा ग्राभेल तथा ह्युमपाइप जडान (सि.नं. २१७) रु.५,००,००० | वडा नं. ७ मा कल्भर्ट, प्रतिक्षालय र बाटो निर्माण | ८,१०,००० | |

## वडा नं. १ (वडा समितिबाट निर्णय भएको)

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | तोकीए बमोजिम उमेरका बालबालिकाको म्यादी बिमा रु.१,५०,०००।- मध्ये (सि.नं.११६) | वडाका विभिन्न स्थानमा ग्राभेल तथा होमपाइप व्यवस्थापन | ५०,००० | वडा समितिको मिति २०८१/०९/१२ मा निर्णय भएको |
| | | जनप्रतिनिधी तथा कर्मचारी अवलोकन भ्रमण | १,००,००० | |
| २ | सूचना प्रकाशन सञ्चार खर्च, भैपरी र विविध खर्च रु.१;७२,०००।- मध्ये (सि.नं.१२३) | कोहलपुर नगर स्तरीय युवा सञ्जाललाई आर्थिक सहयोग | १०,००० | वडा समितिको मिति २०८१/०९/२३ मा निर्णय भएको |
| ३ | च्याउ खेति प्रबर्द्धन कार्यक्रम (सि.नं. ११५) | टहरा नभएका च्याउखेति व्यवसायीलाई टहरा निर्माण | १,५०,००० | |

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ......

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

**वडा नं. ३ (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वडाका बाटोहरु मर्मत ग्राभेल (सि.नं. १५५) | नारायण भुषालको घर नजिक नाली निर्माण | १,००,००० | वडा समितिको मिति २०८१/०६/०८ मा निर्णय भएको |
| | | त्रिबेणी चोक पूर्व बाटो ग्राभेल | ७०,००० | |
| | | बैकुण्ठनगर टोल बाटो ग्राभेल | १,८०,००० | |
| | | आवश्यकता अनुसार बाटो ग्राभेल | ७०,००० | |
| २ | डाँगी टोलमा नाली निर्माण (सि.नं. १५०) | गिताराम रेग्मीको घर नजिक अधुरो नाली निर्माण | ३,३०,००० | |
| | | सुन्दरनगर टोल बाटो ग्राभेल | ७०,००० | |
| ३ | भैपरी आउने खर्च सूचना प्रकाशन (सि.नं. १४५) | दुर्गा मन्दिर निर्माण, डाँगी टोल | १,२०,००० | वडा समितिको मिति २०८१/०७/१२ मा निर्णय भएको |
| | | लागु औषध बिरुद्ध बिद्यालय अभिमुखिकरण कार्यक्रम | ५०,००० | वडा समितिको मिति २०८१/०७/०१ मा निर्णय भएको |
| ४ | वडा कार्यालय परिसरमा बाटीका निर्माण (सि.नं. १५२,१५३,१५४) | आवश्यकता अनुसार बाटो ग्राभेल तथा निर्माण | १,००,००० | |

**वडा नं. ६ (वडा समितिबाट निर्णय भएबमोजिम)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दिव्य बिद्यासदन स्कुलदेखि सिक्टा नहरसम्म जाने बाटोमा नाली निर्माण (सि.नं. १९८) | चौतारी नगर टोलको विभिन्न बाटोहरुमा ग्राभेल | ३,००,००० | २०८१/०८/२७ गतेको निर्णय |
| २ | सिलाईकटाई सम्बन्धी आधारभूत तालिम लिएका उत्कृष्ट तथा आर्थिक रुपमा विपन्न सहभागीहरुलाई ५० % साझेदारीमा कपडा सिलाउने मेशिन वितरण(सि.नं. १८७) | सिलाईकटाई सम्बन्धी आधारभूत तालिम लिएका उत्कृष्ट तथा आर्थिक रुपमा विपन्न सहभागीहरुलाई ५०% साझेदारीमा | १,५०,००० | |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्याः ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ................

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | सिलाईकटाई सम्बन्धी एडभान्स तालिम | | |
| ३ | वडा कार्यालयको अधुरो पर्खाल निर्माण(सि.नं.२०३) | दिपक पोखेलको घर अगाडीको रझेना जाने कालो पत्रे बाटो मर्मत | १,००,००० | २०८१/०९/२१ गतेको निर्णय |
| | | कोहलपुर नगरपालिका वडा नं.६ को बिभिन्न बाटाहरु ग्राभेल | १,४०,००० | |

**आर्थिक विकास समितिको मिति २०८१/०९/०९ को निर्णय**

**आर्थिक विकास शाखा**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | उधमशिलता विकासका लागि मेड मोडल रु.२ लाख | मागमा आधारित कार्यक्रम | ७,००,००० | |
| | मागमा आधारित रु.५ लाख | | | |

**पशु विकास शाखा**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | हिउँदे घाँस, बर्षिमको बिउ बितरण | चारा मेशीन/ विद्युतीय च्याप कटर | ४,००,००० | |
| २ | पशु बिमा अनुदान | चारा मेशीन/ हाते च्याप कटर | ३,००,००० | |

**कृषि विकास शाखा**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आलु तरकारी तथा मशला बाली(प्याज, लसुन प्रबर्द्धन कार्यक्रम ५०% अनुदान) | साना सिचाई कूलो निर्माण वडा नं. ८ | ६,००,००० | |
| २ | सामुदायिक किट संरक्षण कार्यक्रम | घुम्ति तालिम | १,००,००० | |

**वडा नं. ११ (वडा समितिबाट २०८१/०९/२३ निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न खेलकुद कार्यक्रमका लागि सामाग्री कोष(सि.नं. २८२) | यूनाइटेड भिजन क्रिकेट क्लव कोहलपुर बाँकेलाइ सहयोगार्थ | ५१,००० | |
| २ | विभिन्न खेलकुद कार्यक्रमका लागि | कोहलपुर नगर स्तरिय | ११,००० | |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ..............
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | सामाग्री कोष(सि.नं. २८२) | युवा क्लव संजाल कोहलपुर बाँकेलाइ सहयोगार्थ | | |
| ३ | विविध तथा भैपरी आउने खर्च(सि.नं.२८३) | जन प्रतिनिधि तथा कर्मचारीहरुको अवलोकन भर्मण | ८०,००० | |
| ४ | विपद व्यवस्थापन कोष(सि.नं.२९१) | ११ नं. वडा कार्यालयको छत मर्मत र साझाचोक पूर्व तिरको नाला निर्माण तथा ग्राभेल गर्ने कार्य | १,००,००० | |

वडा नं. ५ (वडा समितिबाट २०८१/०९/२४ निर्णय भएको)

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने तथा विविध खर्च(सि.नं.१७२) | प्रगतिशिल आमा समूह प्रगतिनगरलाई भाँडाकुँडा त अन्य सामाग्री खरिद तथा हस्तान्तरण | १,००,००० | |
| | | महिला जागरं आमा समूह शान्तिनगरलाई भाँडाकुडा र अन्य सामाग्री खरिद तथा हस्तान्तरण | ७०,००० | |
| | | सिद्धनगर सडक बत्ती जडान | ४०,००० | |
| २ | सिद्धार्थनगर सडक अधुरो पक्की नाली निर्माण(सि.नं.१८६) | सिद्धार्थनगर सडक ग्राभेल तथा स्तरोन्नति | ५,००,००० | |

वडा नं. २ (वडा समितिबाट २०८१/०९/२४ निर्णय भएको)

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र आवश्यक सामाग्रिहरु खरिद मर्मत (सि.नं. १२९/१३०) | वडा नं.२ भित्रका महिलाहरुको पाठेघर सम्बन्धि स्वास्थ्य शिविर सञ्चालन | १,००,००० | |

नगर कार्यपालिकाको
बैठक संख्या: ५१, २०७९-२०८४
मिति २०८१/०९/२५ को
निर्णय प्रमाणित ............

२४. यस नगरपालिकाका विभिन्न विषयगत समिति संयोजक ज्यूहरुले चालु आ.ब. को हालसम्ममा भए गरेका प्रगति सम्बन्धी प्रतिवेदन माथी छलफल भयो । साथै उक्त प्रतिवेदन बारेमा नगर सभामा विषयगत समिति संयोजक ज्यूहरुबाट जानकारी गराउने ।

क) श्री ईश्वरी प्रसाद विश्वकर्मा - संयोजक, सामाजिक विकास समिति
ख) श्री अनिता कुमारी बुढा क्षेत्री - संयोजक, आर्थिक विकास समिति
ग) श्री नरेश वान्तवा राई - संयोजक, पूर्वाधार विकास समिति
घ) श्री पबित्रा थारु – संयोजक, विपद तथा वातावरण समिति
ङ) श्री सुनिता सुनार – संयोजक, विद्यायन समिति
च) श्री सुनिता बिष्ट – संयोजक, सुशासन समिति